# राष्ट्रिय हरवाचरवा अधिकार मञ्च
## केन्द्रीय कार्यालय, सिराह (लाहान) नेपाल

**प्रेस विज्ञप्ति**

दासप्रथाको अवशेषका रुपमा रहेको हरवाचरवा प्रथाको मुक्तिको घोषणा यही २०७९ श्रवण २ गते भएको थियो । मुक्तिको घोषणा भएको ९ महिना वितिसक्दा समेत नेपाल सरकारले पुनःस्थापनाको कुनै कार्य अघि बढाएको छैन । घोषणासंगै नेपाल सरकारले प्रतिबद्धता जाहेर गरेको लगत संकलन, सत्यापन, परिचय पत्र वितरण, पुनःस्थापना, सामाजिक विभेदको अन्त्य, मर्यादित जीवन, सामाजिक सशक्तिकरण, समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका मुद्दाहरु संबोधन गर्न र पुनःस्थापनाको पर्खामा रहेका लाखौं हरवाचरवामा जागरण ल्याउने उद्देश्यले राष्ट्रिय हरवाचरवा अधिकार मंचको आयोजना तथा राष्ट्रिय दलित नेटवर्कको सहजीकरणमा पुनःस्थापनाका लागि **हरवाचरवा अधिकार यात्रा** यही २०७९ चैत्र २५ गतेदेखि चैत्र २९ गतेसम्म "मुक्त हरवाचरवाको न्यायिक पुनःस्थापना हाम्रो सरोकार, भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार" भन्ने नाराकासाथ राजविराज र राजविराज र विरगंजबाट एकसाथ शुरु हुंदैछ । सो यात्रा हरवाचरवा वाहुल्य पालिकाहरुमा गई सम्बन्धित पालिकाका प्रमुखहरुबाट प्रतिबद्धता लिदै हरवाचरवा वस्तिमा गइ मधेश प्रदेशका मुख्यमन्त्रीलाई संबोधन गरेको ज्ञापन पत्र संकलन गरिनेछ । करिव १० हजार बढी हरवाचरवा र शुभचिन्तकहरुकाबीचमा पुगेर संकलन गरिएको उक्त ज्ञापन पत्र समापन समारोहमा मुख्यमन्त्रीलाई हस्तान्तरण गरिनेछ ।

**हरवाचरवा अधिकार यात्राका मागहरु :**

१. हरवाचरवाको पुनर्स्थापनाको लागि बिस्तृत कार्ययोजना र कार्यविधि सम्बन्धित मन्त्रीपरिषदबाट अविलम्व पारित गरी हरवाचरवालाई जीविकाको लागि कम्तिमा १० कठ्ठा जमिन प्रदान गरियोस ।

२. बैकल्पिक रोजगारीमा लाग्न इच्छुक रोजगारीबिहीनलाई ३ महिना, ६ महीना र सोभन्दा लामो दीर्घकालीन प्रकारको सीपको तालिम, रु१ लाखको बीउपुँजी र आवश्यक औजार प्रदान गरियोस ।

३. नेपालमा हरवाचरवाभन्दा गरिब र भूमिहीन अरु कोही नभएकोले सडक, बिजुली, शुद्ध खानेपानी, विद्यालय, स्वास्थ्य चौकी र सिँचाइ जस्ता न्युनतम भौतिक पूर्वाधारसहित एकीकृत प्याकेजसहितको बहुआयामिक गरिबी निवारण कार्यक्रम सर्बप्रथम हरवाचरवाको बस्तीमा अविलम्व थालियोस् ।

४. हरवाचरवाको लगत संकलन, सत्यापन, परिचय पत्र वितरण, पुनःस्थापना, सामाजिक विभेदको अन्त्य, मर्यादित जीवन, सामाजिक सशक्तिकरण, समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका मुद्दाहरु संबोधन गर्न केन्द्र, प्रदेश र स्थानीय तहलाई समन्वयात्मक ढंगले समस्याको हल गर्ने गरी आगामी नीति तथा कार्यक्रम र बजेटमा ल्याइयोस ।

५. जमिनको प्रमाण पत्र नभएका कारण आधाभन्दा बढी हरवाचरवाहरु नागरिकताबाट बंचित छन् । नागरिकता नभएकै कारण उनीहरु राज्यबाट प्रदान हुने सामाजिक सुरक्षा तथा अवसरहरुबाट बन्चित हुंदै गएका छन् । आफ्नो नाममा जमिन नहुनु, नागरिकता लगायतका परिचयपत्र नभएकै कारण आज समय क्रममा जमिनको मूल्य बढ्दै जाँदा विकासको वहानामा उनीहरुलाई विस्थापित गरिदैछ । त्यस कार्यलाई तत्काल रोकि बैकल्पिक व्यवस्था गरियोस ।

गणेश विश्वकर्मा
अध्यक्ष
राष्ट्रिय दलित नेटवर्क

दशनलाल मण्डल
अध्यक्ष
राष्ट्रिय हरवाचरवाअधिकार मंच

**National Harwa Charwa Rights Forum**
**Central Office, Siraha (Lahan) Nepal** Email Address : hchumanrights@gmail.com